नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# जलस्रोत तथा सिंचाइ विभाग

जावलाखेल, ललितपुर

☎ ९७७-०१-५-४३७१३६
९७७-०१-५-४३७३१३
९७७-०१-५-४३७२१०
९७७-०१-५-४३७३११
९७७-०१-५-४३७३१२
९७७-०१-५-४३७३०८
९७७-०१-५-४३७३०६
९७७-०१-५-४३७३०२

एक्स -: ९७७-०१-५-४३५३८२
९७७-०१-५-४२७४४२

फ्याक्स -: ९७७-०१-५-४३७१६९

वेभसाइट :https://dwri.gov.np

मिति : २०७९।११।२३

प.स.: ०७९/८०
च.नं.: ४५०

श्री सबै महाशाखाहरू,
श्री सबै आयोजना/कार्यालयहरू,
जलस्रोत तथा सिंचाई विभाग ।

**विषयः– सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको प.स. ०७९/८०, नीति शाखा च.नं. ६७२ मिति २०७९।११।१४ को पत्रबाट सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्ने सम्बन्धमा विषयको पत्र र सोसँग संलग्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. औ.प्र./नीति/१९७, मिति २०७९।११।०४ को पत्र यसै साथ संलग्न छ । व्यहोरा उक्त पत्रहरूबाट अवगत गर्नु भई प्राप्त निर्देशानुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(सूर्य प्रसाद कोइराला)
शाखा अधिकृत

बोधार्थः
श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सिंहदरबार ।

जलस्रोत तथा सिंचाइ विभाग
मूल दर्ता नं. : 9089
मिति : २०७९/११/२१

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

(ऊर्जा महाशाखा)

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. : २०७९/८० (नीति शाखा)
च.नं. : ६६२

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय २००४

मिति:२०७९/११/१४

श्री विद्युत विकास विभाग,
सानोगौचरण, काठमाण्डौ।
श्री जलस्रोत तथा सिंचाइ विभाग,
जावलाखेल, ललितपुर।
श्री जल तथा मौसम विज्ञान विभाग,
बबरमहल, काठमाण्डौ।
श्री नेपाल विद्युत प्राधिकरण,
दरबारमार्ग, काठमाण्डौ।
श्री वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र,
मध्यबानेश्वर, काठमाण्डौ।

जलस्रोत तथा सिंचाइ विभाग
म.नि.पि.ए.शाखा
दर्ता नं. : 2926
मिति : 2079/11/22

विषय :- सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्ने सम्बन्धमा।

उपरोक्त विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट च.नं. औ.प्र./ नीति/१९७, मिति २०७९/११/०४ को प्राप्त पत्र यसै पत्रसाथ संलग्न गरी निर्णय कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(सोनी कुमारी साह)
इन्जिनियर

☐ योजना, कार्यक्रम तथा समन्वय महाशाखा
☐ बहुउद्देश्यीय तथा सिंचाई महाशाखा
☐ जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा
☐ भूमिगत जल तथा भौगर्भिक महाशाखा
☐ सिंचाई व्यवस्थापन महाशाखा
☑ प्रशासन शाखा
☐ [illegible]
☐ [illegible]

परिपत्र
२०७९।११।२२

इ.प्र.अ. श्री पूर्ण जी
११/२२

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं:-४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## (औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
ऊर्जा महाशाखा
दर्ता नं.: ५९०
मिति : २०६९/११/१०

प.सं. २०७९/०८०
च. नं. औ.प्र./नीति/ ९९६

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः २०७९/११/०४

विषयः सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्ने सम्बन्धमा।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
दर्ता नं.: ३२९०
मिति : ०६९/११/०४

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार,
श्री संघीय मन्त्रालय/आयोग/निकाय/विभाग/कार्यालय (सबै),
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सबै)।

वर्तमान सरकार गठन भएपछि सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल सरकारका मुख्य सचिव र सचिवहरुलाई दिनुभएको निर्देशन एवं मिति २०७९ पुष २५ गते जारी नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गरी बढ्दो व्यापार घाटा न्यूनीकरण गर्न, स्वदेशी कच्चा पदार्थमा आधारित र आयात प्रतिस्थापन गर्ने प्रकृतिका उपभोग्य वस्तुको उत्पादन र उपभोगलाई जोड दिने स्पष्ट निर्देशन र कार्यक्रम रहेको। उक्त कार्यक्रम र निर्देशन कार्यान्वयन गर्ने सन्दर्भमा देहायका विषय र यसैसाथ संलग्न "सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१" को प्रभावकारी कार्यान्वयन तथा सहजीकरणका लागि सबै तहका सरकारका मन्त्रालय/आयोग र मातहतका सार्वजनिक निकायहरुमा पत्राचार गर्ने मिति २०७९/११/३ को (माननीय मन्त्रिस्तरीय) निर्णयानुसार सादर अनुरोध छ।

१. सार्वजनिक निकायले निर्देशिकाको दफा ४ मा उल्लिखित मालसामान वा वस्तु उत्पादन गर्ने स्वदेशी उत्पादक एवं नेपाली वस्तु आपूर्ति गर्ने आपूर्तिकर्ताको रोष्टर तयार गरी स्वदेशी उत्पादन नै खरिद गर्ने व्यवस्था मिलाउने,
२. आयोग/मन्त्रालय तथा मातहतका निकायहरुले आयोजना गर्ने अतिथि सत्कार एवं चिया, खाजामा अनिवार्य रुपमा नेपाली उत्पादन प्रयोग गर्ने,
३. सार्वजनिक निकायले आफ्नो उपयोगको लागि स्टेसनरी, फर्निचर-फिक्चर्स, मेसिनरी औजार जस्ता मालसामान खरिद गर्दा उपलब्ध भएसम्म नेपाली मालसामान नै खरिद गर्नुपर्ने सो नभएमा न्यूनतम पचास प्रतिशत स्वदेशी मालसामान खरिद गर्ने,
४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १७ बमोजिम कुनै विधि छनौट गरी खरिद गर्दा विदेशी मालसामान भन्दा नेपालमा उत्पादित मालसामान पन्ध्र प्रतिशत सम्म महंगो भए तापनि नेपाली मालसामान नै खरिद गर्नुपर्ने व्यवस्था रहेकोले सोही बमोजिम खरिद गर्ने,
५. कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखा परीक्षण गर्दा नेपाली वस्तु खरिद भए नभएको सम्बन्धमा प्रतिवेदनमा कैफियत उल्लेख गर्ने,

☐ श्री जलस्रोत महाशाखा
☐ श्री ऊर्जा महाशाखा
☐ श्री विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा
☐ श्री कार्यक्रम, बजेट तथा अनुगमन महाशाखा
☐ श्री जल, मौसम तथा वातावरण महाशाखा
☐ श्री प्रशासन महाशाखा
☐ श्री कानून तथा फैसला कार्यान्वयन महाशाखा

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं:-४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

६. स्वदेशी माल सामान वा वस्तुको उत्पत्तिको प्रमाणपत्रको विवरण नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नेपाल च्याम्बर अफ कमर्श र मातहतका निकायले आफ्नो Website मा प्रकाशन गर्ने र सार्वजनिक निकायले सो विवरणलाई समेत आधार लिई स्वदेशी वस्तु खरिद गर्न सक्ने,
७. स्वदेशी मालसामान उत्पादन गर्ने उत्पादकहरुले सार्वजनिक निकायमा आफ्नो उत्पादनलाई सूचिकृत गराउनु पर्ने,
८. प्रदेश तथा स्थानीय तहहरुले समेत स्वदेशी वस्तु उपयोग गर्ने सम्बन्धी यस निर्देशिकालाई मार्गदर्शनको रुपमा अवलम्बन गरी खरिद गर्ने,
९. सार्वजनिक निकायले स्वदेशी वस्तु खरिद गरेको विवरण ३/३ महिनामा निर्देशिकाको दफा १३ बमोजिमको केन्द्रीय कार्यान्वयन तथा अनुगमन समितिमा विद्युतीय माध्यमबाट (Email: info@moics.gov.np) पठाउनुपर्ने,
१०. आयोग/मन्त्रालय तथा मातहतका निकायहरुले आफू अन्तर्गतका कार्यालयको अनुगमन गर्दा यस निर्देशिका बमोजिम स्वदेशी वस्तु खरिद भए नभएको सूचकलाई प्राथमिकतामा राखी अनुगमन गर्ने,
११. प्रदेश र स्थानीय तहले निर्देशिका कार्यान्वयनको अनुगमन गर्दा आफ्नै संयन्त्र बनाई अनुगमन गर्ने,
१२. निर्देशिकाको प्रभावकारी कार्यान्वयन, सहजीकरण तथा अनुगमनको अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने,
१३. "सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१" यस मन्त्रालयको Website: moics.gov.np/category/directory मा समेत उपलब्ध छ।

(चन्द्रकला पौडेल)
सहसचिव